मण्डनदेउपुर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
कुन्ताबेशी, काभ्रेपलाञ्चोक

आ.व. २०८०/०८१ को लागि विज्ञापन र सूचना प्रकाशनको लागि दरभाउपत्र आह्वान गरिएको सूचना
प्रथम पटक प्रकाशित मितिः २०८०/०४/३१

यस मण्डनदेउपुर नगरपालिकाबाट आ.व. २०८०/०८१ भरी प्रकाशित हुने सूचना तथा विज्ञापनहरु 'क' वर्गका प्रचलित नेपाली भाषाका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नका लागि सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम प्रतिस्पर्धा गराई न्युनतम दरभाउ अंक कबोल गर्ने र बढी छुट प्रदान गर्नेसँग खरिद गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्यका लागि इजाजत प्राप्त संस्था तथा एजेन्सीहरुले देहायका शर्तको अधिनमा रही नगरकार्यपालिकाको कार्यालय कुन्ताबेशी, काभ्रेपलाञ्चोकमा शिलबन्दी दरभाउपत्र दर्ता गर्नुहुन यो १५ दिने सुचना प्रकाशन गरिएको छ ।

शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य विवरण यसप्रकार रहेको छः

१. शिलबन्दी दरभाउपत्रका साथमा खरिदका लागि मण्डनदेउपुर नगरपालिकाको ग्लोबल आई एम ई बैंक कुन्ताबेशी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. २२००४०१००००१० मा रु.१०००/- (एक हजार मात्र फिर्ता नहुने गरी) जम्मा गरेको बैंक भौचर वा मण्डनदेउपुर नगरपालिकामा नगद बुझाएको नगदी रसिद, संस्था वा फर्म दर्ता तथा नविकरणको प्रमाण पत्रको प्रतिलिपी, स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपी, आ.व. ०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, कालोसुची तथा कारबाहीमा नपरेको स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।
२. रु.१०००/- बुझाएको बैंक भौचर वा नगदी रसिदका आधारमा मण्डनदेउपुर नगरपालिकाबाट दरभाउत्र प्राप्त गर्न सकिनेछ।
३. नगरपालिकाको ग्लोबल आई एम ई बैंक कुन्ताबेशी शाखामा रहेको धरौटी खाता नं.२२००४०१०००००८ मा रु.४०,०००/- (अक्षरुपी चालिस हजार) जम्मा गरेको बैंक भौचर समेत पेश गर्नुपर्नेछ ।
४. शिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति२०८०/०५/१३ कार्यालय समय भित्र।
५. शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति २०८०/०५/१४ गते १२:०० बजे भित्र।
६. शिलबन्दी दरभाउ पत्र खोल्ने मिति २०८०/०५/१४ गते दिउसो २:०० बजे।
७. सूचनाको शर्त बमोजिम पेश नभएका, म्याद नाघी आएका शिलबन्दी दरभाउपत्रहरु दर्ता तथा अन्य प्रक्रियामा समावेश गरिने छैन।
८. शिलबन्दि दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम मिति सार्वजनिक बिदा परेमा लगतै कार्यालय खुलेको दिन खरिद वा दर्ता गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत